**<u>प्रस्तावः मिति २०७७/०५/१४ गते आइतबार ८९ औं कार्यपालिका बैठक</u>**

१. राजश्व परामर्श समितिको निर्णय सम्वन्धमा
२. घ वर्ग सम्वन्धमा
३. करार नवीकरण सम्वन्धमा
४. विपद व्यवस्थापन सम्वन्धमा
५. आर्थिक सहयोग सम्वन्धमा
६. वास योजना सम्वन्धमा
७. शिक्षा समिति निर्णय अनुमोदन सम्वन्धमा
८. कार्यविधि पारित सम्वन्धमा
९. नपुग रकम सम्वन्धमा
१०. शोक सम्वन्धमा

**<u>निर्णय नं. १ः</u>**

घोराही उपमहानगरपालिका अन्तर्गत राजस्व परामर्श समितिको २०७७/०५/०८ गते बसेको बैठकको तपशिल बमोजिमको निर्णय अनुमोदन गर्ने ।

१.१ चालु आ.व. २०७७/०७८ मा जडिबुटी, जीवजन्तु कवाडी करको मूल्य रु. १७००००० (सत्र लाख) र विज्ञापन कर मूल्य रु. १०००००० ( दस लाख मात्र) तोकी ठेक्का बन्दोबस्तको लागि टेन्डर आह्वान गरिएकोमा ठेक्का नलागेको हुँदा मिति २०७७/०५/०८ गते बसेको स्थानीय राजस्व परामर्श समितिको बैठकले चा.लु. आ.व. को बाँकी अवधिको लागि न्यूनतम मूल्यांकन घटाई जडीबुटी, जीवजन्तु र कवाडी करको मूल्य रु. १४००००० (चौध लाख) र विज्ञापन करको मूल्य रु. ५००००० (पाँच लाख) कायम गर्ने गरी पुनः ठेक्का आह्वान गर्ने।

१.२ कोभिड १९ को कारण नेपाल सरकारले मिति २०७६/१२/११ गते देखि लागू गरेको बन्दाबन्दीका कारण सिनेमा हल संचालनमा रोक लागेको हुँदा व्यवसाय संचालन गर्न नपाइएकोले व्यवसाय कर छुट पाउँ भनी चलचित्र व्यवसायीद्वारा निवेदन दिएको हुँदा गत आ.व.को बन्दाबन्दी अवधिको दामसाहीले चलचित्र व्यवसायको करमा छुट दिने ।

**<u>निर्णय नं. २ :</u>**

यस घोराही उपमहानगरपालिकाकोले बनाएको “घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम सबै प्रक्रिया र कागजातहरु पुरा गरे नगरेको हेरी घोराही ४ स्थित सि ब्रदर्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली.का प्रो. मनोज चौधरी, घोराही १४ स्थित अनुश्री निर्माण सेवाका प्रो. अमृत घर्ती मगर र घोराही ४ स्थित टि एस आर निर्माण सेवा प्रा.ली. का प्रो. श्रीचन श्रेष्ठलाई “घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र दिने।

**<u>निर्णय नं. ३:</u>**

घोराही उपमहानगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुको २०७७ साउन १ गते देखि लागु हुने गरी छ (६) महिनाका लागि करार अवधि थप गर्ने।

**<u>निर्णय नं. ४ :</u>**

घोराही उपमहानगरपालिका अन्तर्गत सरसफाई, वातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०७७/०४/२६ र २०७७/०५/१२ गते बसेको बैठकले गरेको तपशिल बमोजिमको निर्णय अनुमोदन गर्ने।

४.१ घोराही उपमहानगरपालिका वडा नं. १० को च.नं. १७२ मिति २०७७/०४/१५ को पत्र, संलग्न बिल एवं प्रहरी मुचुल्का समेतका आधारमा वर्षातको पानीले कुलोको सतह बढी युनिक टोलका बस्तिहरुमा डुबान गराउने अवस्था रहेको हुँदा सो को रोकथामका लागि डोजर (जे.सी.बी) प्रयोग वापतको खर्च रु.९०००।- (नौ हजार मात्र) स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

४.२ जिल्ला प्रशासन कार्यालय दाङ को च.नं. २३४, मिति २०७७/०४/१६ को पत्र, संलग्न प्रहरी मुचुल्का एवं वडा नं. ४ को प्राविधिक इस्टिमेट पत्र समेतका आधारमा गोग्ली मा.वि. देखि पछाडीतर्फ रहेको कल्भर्ट मर्मतको लागि रु.१२९७९२।- (एक लाख उनान्तीस हजार सात सय बयानब्बे) स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने।

४.३ घोराही उपमहानगरपालिका वडा नं. ८ को च.नं. ४९ मिति २०७७/०४/११ को पत्र, संलग्न प्रहरी मुचुल्का, तस्बिर एवं प्राविधिक मुल्यांकन समेतका आधारमा उक्त वडा अन्तर्गतको भत्किएको सौरी उत्तर डबरा कुलोमा पर्खाल निर्माण एवं मर्मतका लागि अपुग रकम जग्गाधनीहरुले व्यहोर्ने गरी रु. ३५००००।- (तिन लाख पचास हजार) राहत स्वरूप स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

४.४ घोराही उपमहानगरपालिका वडा नं. ८ को च.नं.७८ मिति २०७७/०४/१८ को वडा कार्यालयको सिफारिस पत्र, संलग्न प्रहरी सिफारिस पत्र, तस्बिर एवं प्राविधिक मुल्यांकन तथा स्थलगत अवलोकन समेतका आधारमा सौरी स्थित उलरी सोताको  कल्भर्टको कटान भएको साइट मर्मतका लागि (दुइ साइडमा विंग वाल) लगाउनको लागि रु. २०००००।- (दुइ लाख) आ.व. ०७७/०७८को वार्षिक कार्यक्रम अन्तर्गतको "विपदबाट क्षति भएका संरचना मर्मत" शिर्षकबाट सहयोग उपलब्ध गराउने ।

४.५ घोराही उपमहानगरपालिका वडा नं. १०को च.नं. २२६ मिति २०७७/०४/२० को सिफारिस पत्र एवं संलग्न प्रहरी मुचुल्का समेतका आधारमा वर्षातको पानीले घर डुबानमा परेर प्रभावित श्री माया चौधरीलाइ राहत स्वरूप रु.१००००।- (दस हजारमात्र) स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

४.६ घोराही उपमहानगरपालिका वडा नं. ४ को च.नं.१८८ मिति २०७७/०४/२१ को सिफारिस पत्र एवं संलग्न प्रहरी मुचुल्का समेतका आधारमा अविरल वर्षाको कारणले घरमा क्षति पुगेर प्रभावित श्री भुपे सुनारलाई राहत स्वरूप रु.१००००।- (दस हजार मात्र) स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने।

४.७ घोराही उपमहानगरपालिका वडा नं. ४ को च.नं.१९९ मिति २०७७/०४/२२ को सिफारिस पत्र एवं संलग्न प्रहरी मुचुल्का समेतका आधारमा अविरल वर्षाको कारणले घरमा भत्किएर प्रभावित श्री ताम बहादुर घर्तीलाई राहत स्वरूप बढीमा ५ बन्डल जस्तापाता स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने।

४.८ घोराही उपमहानगरपालिका वडा नं. १० को च.नं.२९१ मिति २०७७/०४/२५ को सिफारिस पत्र एवं संलग्न प्रहरी मुचुल्का समेतका आधारमा अविरल वर्षाको कारणले घर भत्किएर प्रभावित श्री लाल बहादुर चौधरीलाई राहत स्वरूप बढीमा ५ बन्डल जस्तापाता स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

४.९ घोराही उपमहानगरपालिका वडा नं. १६ को च.नं. ३३२ तथा ३३४ मिति २०७७/०४/२६ को सिफारिस पत्रहरु एवं संलग्न जिल्ला प्रहरी कार्यालयको लाश सदगद पुर्जी समेतका आधारमा तेरौटे कुलोमा डुबी मृत्यु भएका बालकहरु श्री आयुष चौधरी र श्री निशान्त चौधरीको परिवारलाई राहत स्वरूप किरिया खर्च बापत प्रति व्यक्ति रु. २५००० (पच्चीस हजार) का दरले स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने।

४.१० घोराही उपमहानगरपालिका वडा नं. ११ को च.नं. १६० मिति २०७७/०४/२५ को सिफारिस पत्र एवं संलग्न प्रहरी मुचुल्का समेतका आधारमा अविरल वर्षाले खरले छाएको घर भत्किएर प्रभावित श्री प्रेम प्रकाश डाँगीलाई राहत स्वरूप बढीमा ५ बन्डल जस्तापाता स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने।

४.११ घोराही उपमहानगरपालिका वडा नं. ६ को च.नं. ११० मिति २०७७/०४/२६ को सिफारिस पत्र एवं संलग्न प्रहरी मुचुल्का र प्राविधिक मुल्यांकन समेतका आधारमा कर्जाही कुलोको डिल मर्मतका लागि रु.२६,५००।- (छब्बीस हजार पांच सय मात्र) राहत स्वरूप स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

४.१२ घोराही उपमहानगरपालिका वडा नं. १८ को च.नं. ३६५ मिति २०७७/०५/११ को सिफारिस पत्र एवं संलग्न प्रहरी मुचुल्का समेतका आधारमा अविरल वर्षाको कारणले भान्सा घरमा क्षति पुगेर प्रभावित श्री जित बहादुर परियारलाई राहत स्वरूप रु. ५००० (पांच हजार मात्र) स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

४.१३ घोराही उपमहानगरपालिका वडा नं. १० को च.नं. ५०६ मिति २०७७/०५/१० को सिफारिस पत्रहरु एवं संलग्न जिल्ला प्रहरी कार्यालय दाङको लाश सदगद पुर्जी समेतका आधारमा कुलोमा डुबी मृत्यु भएकी श्री जुगरी चौधरीको परिवारलाई राहत स्वरूप किरिया खर्च बापत निजको परिवारलाई रु. २५००० (पच्चीस हजार) का दरले स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

४.१४ घोराही उपमहानगरपालिका वडा नं. १ को च.नं. ७९ मिति २०७७/०५/९ को सिफारिस पत्रहरु एवं संलग्न जिल्ला प्रहरी कार्यालय दाङको घटनास्थल लाश जांच मुचुल्का समेतका आधारमा विद्युतीय धरापमा परी मृत्यु भएका श्री बिरबल रावत र चेत बहादुर रावतको परिवारलाई राहत स्वरूप किरिया खर्च बापत प्रति परिवार रु. २५००० (पच्चीस हजार) का दरले स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने र पोष्टमार्टमको लागि लाश लैजादाको गाडी भाडा रु ६०००( छ हजार मात्र) सम्वन्धित गाडी धनीलाई स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

४.१५ घोराही उपमहानगरपालिका वडा नं. ४ को च.नं. २९४ मिति २०७७/०५/01 को सिफारिस पत्र एवं संलग्न प्रहरी मुचुल्का अनुसार अविरल वर्षाले घर भत्किएर प्रभावित श्री सेवक कुमार रिजाललाई प्राविधिक मुल्यांकन अनुसार निजको घरमा लाग्ने जस्तापाता राहत स्वरूप स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

४.१६ घोराही उपमहानगरपालिका वडा नं. १९ को च.नं. १०२ मिति २०७७/०५/०२ को सिफारिस पत्र एवं संलग्न प्रहरी मुचुल्का एवं विल अनुसार उक्त वडा अन्तर्गत पहिरो हटाउन जे.सि.बी. उपलब्ध गराउने श्री थापा एण्ड श्रेष्ठ कन्स्ट्रक्सन प्रा.ली. लाई विल बमोजिम रु. ८४००।- (आठ हजार चार सय मात्र) स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

४.१७ घोराही उपमहानगरपालिका वडा नं. १८ को च.नं. ३१५ मिति २०७७/०४/२७ को सिफारिस पत्र एवं संलग्न प्रहरी मुचुल्का समेतका आधारमा अविरल वर्षाले घर भत्किएर प्रभावित श्री संजय घर्तीलाई राहत स्वरूप रु. २००००।- (बिस हजार मात्र) स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने।

४.१८ घोराही उपमहानगरपालिका वडा नं. ९ को च.नं. १४३ मिति २०७७/०४/२७ को सिफारिस पत्र, प्राविधिक मुल्यांकन एवं प्रहरी कार्यालयको पत्र समेतका आधारमा मछाई -सेवार जोड्ने बाटो मर्मतका लागि रु. ६०१००।- (साठी हजार एक सय मात्र) घोराही उपमहानगरपालिकाको आ.व. ०७७/०७८को वार्षिक बजेट अन्तर्गतको "विपदबाट क्षति भएका संरचना मर्मत" शिर्षकबाट उपलब्ध गराउने ।

४.१९ घोराही उपमहानगरपालिका वडा नं. ९ को च.नं.१८३ मिति २०७७/०५/०१ को सिफारिस पत्र एवं संलग्न प्रहरी मुचुल्का समेतका आधारमा घर भत्किएको तथा पारिवारिक समस्याको कारण प्रभावित श्री नोखिराम डाँगीको दुई कोठे टिनले छाएको घर निर्माणका लागि सम्वन्धित वडा कार्यालयले प्राविधिक मुल्यांकन गरि आवश्यक सहयोग गर्ने तथा उपमहानगरपालिकाको स्थानीय विपद व्यवस्थापन कोषबाट राहत रकम उपलब्ध गराउने ।

४.२० घोराही उपमहानगरपालिका वडा नं. १० को च.नं.३८४ मिति २०७७/०४/२९ को सिफारिस पत्र, संलग्न प्रहरी कार्यालयको पत्र एवं प्राविधिक मुल्यांकन समेतका आधारमा ठाटि गाउँ बुलबुले सोताको बाँध मर्मतका लागि प्राविधिक मुल्यांकनको ५०% (पचास प्रतिशत) रकम रु. १,०६,७१६ (एक लाख छ हजार सात सय सोह्र रुपैया) घोराही उपमहानगरपालिकाको आ.व. ०७७/०७८ को वार्षिक कार्यक्रम अन्तर्गत " विपदबाट क्षति भएका संरचनाहरुको मर्मत" शिर्षकबाट उपलब्ध गराउने।

४.२१ घोराही उपमहानगरपालिका वडा नं. १२ को च.नं.२१६ मिति २०७७/०५/०१ को सिफारिस पत्र एवं संलग्न प्रहरी मुचुल्का समेतका आधारमा अविरल वर्षाको कारण घर भत्किएर प्रभावित श्री दिल बहादुर साहुलाई राहत स्वरूप ५ (पांच) बन्डल जस्तापाता स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

४.२२ घोराही उपमहानगरपालिका वडा नं. ५ को च.नं. १७९ मिति २०७७/०५/०८ को पत्र एवं संलग्न प्रहरी मुचुल्का समेतका आधारमा अविरल वर्षाको कारण घर भत्किएर प्रभावित श्री पवित्रा पाण्डेलाई राहत स्वरूप ५ (पांच) बन्डल जस्तापाता स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने।

**निर्णय नं. ५ :**

घोराही उपमहानगरपालिकामा निम्न व्यक्ति तथा संघ-संस्थाबाट\आर्थिक सहयोग माग भै आएको हुँदा देहाए अनुसार आर्थिक सहयोग अन्य संस्था सहायता शिर्षकबाट दिने।

| क्र.स. | नाम | सहयोग रकम रु | कैफियत |
|---|---|---|---|
| १. | शारदा रिजाल | १५०००।०० | |
| २. | नागरिक समाज (स्मारिका प्रकाशन) | ५००००।०० | |
| ३. | विकास गौतम | ६०००।०० | |

**निर्णय नं. ६ :**

भौतिक पूर्वाधार विकास मन्त्रालय खानेपानी तथा सरसफाई महाशाखा प्रदेश नं.५ को आ.व. ०७७/०७८ च.नं. ७४ बमोजिम वास योजना तयार गर्न पुनः पत्राचार गरिएको र घोराही उपमहानगरपालिकाले पनि वास योजना निर्माणका लागि ३९०९९ घरधुरीको तथ्यांक संकलन गरि सकेको र केही घरधुरीको तथ्यांक संकलन बाँकी रहेको हुँदा पुराना गणकहरुबाट बाँकी तथ्यांक संकलन गर्ने र उक्त तथ्यांक सम्पादन गर्न वास संयोजक अनामिका महर्जनलाई राखे र पारिश्रमिक सरसफाई सेवा शुल्कबाट उपलब्ध गराउने ।

**निर्णय नं. ७ :**

घोराही उपमहानगरपालिका अन्तर्गत शिक्षा समितिको मिति २०७७/०४/३२ र मिति २०७७/०५/१२ गते बसेको बैठकको तपशिल बमोजिमका निर्णय अनुमोदन गर्ने ।

७.१ शैक्षिक सत्र २०७७ देखि मा.वि. तहको कक्षा ९,१०,११ र १२ संचालन गर्न अनुमति माग गरेका तपशिल बमोजिमका विद्यालयहरुलाई  तपशिल बमोजिम कक्षा संचालन गर्ने गरी अनुमति दिने ।

| क्र.स | विद्यालयको नाम | वडा नं. | विद्यालयको किसिम | अनुमति माग गरेको कक्षा र विषय | अनुमतिदिने दिने कक्षा | अनुमति दिएको विषय |
|---|---|---|---|---|---|---|
| १. | श्री जयशेर मा.वि. | घोराही-६ | सामुदायिक | कक्षा १२ र शिक्षा संकाय | १२ | शिक्षा संकाय |
| २. | श्री मा.वि. धर्ना | घोराही-५ | सामुदायिक | कक्षा ११ र शिक्षा संकाय | ११ | शिक्षा संकाय |
| ३. | श्री अल्फा इ.बो. स्कुल | घोराही-१४ | संस्थागत | कक्षा ११ र व्यवस्थापन,शिक्षा संकाय | ११ | व्यवस्थापन संकाय |
| ४. | श्री मदन भण्डारी मेमोरियल स्कुल | घोराही-१७ | शैक्षिक सार्वजनिक गुठी | कक्षा ११ व्यवस्थापन | ११ | व्यवस्थापन संकाय |
| ५. | श्री सरस्वती मा.वि. भरतपुर काठेकोल | घोराही-१५ | सामुदायिक | कक्षा ११ व्यवस्थापन र शिक्षा संकाय | ११ | व्यवस्थापन संकाय |
| ६. | श्री गोदावरी मिडियम स्कुल | घोराही-१३ | संस्थागत | कक्षा ११ व्यवस्थापन संकाय | ११ | व्यवस्थापन संकाय |
| ७. | श्री मा.वि. जजरागाउँ | घोराही-६ | सामुदायिक | कक्षा ११ व्यवस्थापन र शिक्षा संकाय | ११ | व्यवस्थापन संकाय |
| ८. | श्री युनिक मिड वेष्टर्न एकेडेमी | घोराही-१० | संस्थागत | कक्षा १० | १० | |
| ९. | श्री ज्ञानकुन्ज इ स्कुल | घोराही-९ | संस्थागत | कक्षा १० | १० | |
| १०. | श्री लिटिल भ्याली बालबालिका प्रा.ली. | घोराही-१० | संस्थागत | ९ | ९ | |
| ११. | श्री गुरुकुल एकेडेमी | घोराही-१५ | संस्थागत | कक्षा ११ व्यवस्थापन र विज्ञान | ११ | विज्ञान संकाय |
| १२. | श्री भ्याली टप इ.बो स्कुल | घोरही-१५ | संस्थागत | कक्षा ११ कानुन संकाय' | ११ | कानुन संकाय |

७.२ घोराही उपमहानगरपालिका अन्तर्गतका विद्यालयहरुबाट नाम एवं स्थान परिवर्तनको लागि निवेदन पेश भएका संस्थागत विद्यालय श्री मिडभ्याली इ.स्कुल तुलसीपुर-१७ ले नियमानुसार कम्पनीमा नाम एवं स्थान परिवर्तन समेत गरि पेश गरेको र भौतिक व्यवस्था समेत गरेकोले उक्त विद्यालयको नाम परिवर्तन गरि राज विद्यापाठशाला कायम गरी घोराही उपमहानगरपालिका १८ नवलपुरमा स्थान परिवर्तनको लागि नगर कार्यपालिकामा सिफारिस गर्ने र विलियम शेक्सपियर अंग्रेजी प्रा.ली. घोराही-२ समेत नियमानुसार कम्पनीमा नाम परिवर्तन गरी ज्योतिपुञ्ज मोडेल इ.प्रा.ली नाममा परिवर्तन गर्ने ।

७.३ कोभिड १९ को महामारीका कारण भेला समारोह गर्न अप्ठ्यारो स्थिति सिर्जना भएको हुँदा घोराही उपमहानगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समिति एवं अभिभावक संघको म्याद समाप्त भएका विद्यालयहरुमा शिक्षा ऐनको दफा १२ क को उपनियम २ अनुसार अस्थाई विद्यालय व्यवस्थापन समिति गठन गर्ने व्यवस्था भएकोले कोभिड १९ अवधि भरका लागि विद्यालय व्यवस्थापन समितिको काम गर्न तपशिल बमोजिमको अस्थाई विद्यालय व्यवस्थापन समिति गठन गर्ने र अभिभावक संघ गठन गर्न विद्यालय व्यवस्थापन समितिलाई तपशिलको समितिलाई आमन्त्रण गर्ने गरी जिम्मेवारी दिने ।

**तपशिलः**

सम्वन्धित वडाको वडा अध्यक्ष : संयोजक
शिक्षा युवा तथा खेलकुद महाशाखाको शाखा अधिकृतः सदस्य
प्रधानाध्यापकः सदस्य सचिब

७.४ : घोराही उपमहानगरपालिका भित्रका विद्यालयहरुका शिक्षकहरुको पारस्परिक सरुवाको लागि विद्यालय व्यवस्थापन समितिको निर्णय (सहमति एवं अनुमति) र वडा कार्यालयको सिफारिस समेत पेश हुन आएकोले तपशिल बमोजिम शिक्षकहरुको पारस्परिक सरुवा गर्ने ।

<u>तपशिलः</u>

| क.स. | शिक्षकको नाम थर | तह/श्रेणी | कार्यरत विद्यालयको नाम | सरुवा गरिएको विद्यालयको नाम |
|---|---|---|---|---|
| १. | कुल बहादुर डि.सी. | प्रा. शि.दि. श्रेणी | बालकल्याण प्रा.वि. कलमघारी | बालहित प्रा.वि. पटिङ्गा, सैघा |
| २. | माधव डि.सी. | प्रा. शि.तृ. श्रेणी | बालहित प्रा.वि. पटिङ्गा, सैघा | बालकल्याण प्रा.वि. कलमघारी |
| ३. | सञ्चिता पौडेल पोख्रेल | प्रा.वि. तृतीय तह | आधारभूत विद्यालय चक्लिघाट | गंगा मा.वि. रामपुर |
| ४. | कृष्णा दशौदी | प्रा.वि. तृतीय तह | सिद्धार्थ प्रा.वि. बोल्दी | जनजागृति मा.वि. लमडरुवा |

**<u>निर्णय नं. ८:</u>**

घोराही उपमहानगरपालिकाको विधायन समितिबाट पेश भएको "घोराही उपमहानगरपालिका घर/पसलका ताला खोल्ने तथा चलन चलाउने सम्वन्धी कार्यविधि -२०७७" छलफल गरी पारित गरियो ।

निर्णय नं. ९:

९.१ गत आ.व. २०७६/०७७ मा विभिन्न प्राविधिक कारणले भुक्तानी हुन बाँकी र रकमान्तर भएका तपशिल बमोजिमका  योजनाहरुमा विनियोजित वार्षिक बजेटबाट व्यवस्थापन हुनेगरी बजेट थपघट तथा रकमान्तर गर्ने ।

| सि.नं. | कार्यक्रम/योजनाको नाम | विनियोजित रकम रु हजारमा | थप रकम रु हजारमा | घट रकम रु हजारमा | श्रोत |
|---|---|---|---|---|---|
| १ | अदालतदेखि जिल्ला प्रशासन कार्यालय सडक निरन्तरता (क्रमागत) | ६८०० | ६०० | ० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| २ | कर्मटुवा र कर्मटीया विचको गर्जे सोतामा वाल निर्माण (क्रमागत) | ९०० | १०० | ० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| ३ | कार्यालय परिसरमा प्रि (प्याब) मोडेल कोठा थप (क्रमागत) | १९५० | १५० | ० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| ४ | खैरा कोठरी पिच सडक निरन्तरता (क्रमागत) | ७०५० | २२० | ० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| ५ | खिरिट्टे लखुवार पिच सडक (क्रमागत) | ३५०० | २०० | ० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| ६ | गुर्गई देखि धाईरेडाडा सडक पिच (क्रमागत) | ८०० | १२० | ० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| ७ | गुरुवा गाउँ विद्यालय देखि थारुगाउँ हुदै डावर खोला जाने सडक पिच (क्रमागत) | १६०० | ३० | ० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| ८ | गलेना खानेपानी आयोजना (क्रमागत) | १९५० | ० | १९५० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| ९ | गुलरिया मदन भण्डारी जाने सडक देखि हरि प्रसाद पाण्डेको घर हुँदै शसी चौधरीकव घरसम्म सडक पिच वडा नं. १७(क्रमागत) | ७०० | ० | १५० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| १० | गोरक्ष डेरीदेखि नर्सरी सम्म (क्रमागत) | १०५० | ० | १०० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| ११ | घनश्याम वलवहादुर स्मृति लोकमार्ग (क्रमागत) | ११५० | १५० | ० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | घोराही खानेपानी डिपवोरीङ पाईप खरिद गर्ने (क्रमागत) | १४५० | ५० | ० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| १३ | घोराही चोकदेखि दामोदर चोकसम्म सडक पिच निरन्तरता | २००० | ० | २००० | नेपाल सरकार समानीकरण अनुदान - नगद अनुदान |
| १४ | चोरगाउँ वचाहा जोड्ने बौरही खोलामा कल्भर्ट निरन्तरता (क्रमागत) | ४०० | ११० | ० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| १५ | जुरुट्टे सडक पिच (क्रमागत) | १०५० | ० | १५० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| १६ | टिकुलीडाँडा भुमेसोता १२ नं. वडा कार्यालय जाने बाटोमा कल्भर्ट निर्माण (क्रमागत) | ७५० | ५० | ० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| १७ | नेपाल आर्मी व्यारेक देखि ट्राफिक चोक फुटपाथ सहित सडक पिच (क्रमागत) | ९५०० | ० | २००० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| १८ | नेपाल वैंक रामजानकी टोल हुदै चमे सोता सम्म नाला निर्माण | २००० | ५०० | ० | नेपाल सरकार समानीकरण अनुदान-नगद अनुदान |
| १९ | भानपुर देखि वरगद्धा चोक सडक पिच (क्रमागत) | १६०० | १४० | ० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| २० | मावि खैरादेखि पश्चिमतर्फ सडक पिच (क्रमागत) | १२०० | १२० | ० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| २१ | लखवारमा कल्भर्ट निर्माण निरन्तरता (क्रमागत) | ८०० | २०२ | ० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| २२ | सडक विभाग दक्षिण देखि पनौरा लखवारे चोक सम्म सडक पिच (धारपानी जाने बाटो)(क्रमागत) | २००० | १५५ | ० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| २३ | सौरी र बेलुवा जोड्ने सडक पिच निर्माण (क्रमागत) | २७०० | ५० | ० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| २४ | हापुर रतनपुर विद्यालय देखि पश्चिम तर्फ बन्तरी जोड्ने कल्भर्ट निर्माण (क्रमागत) | ३१०० | ० | २००० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| २५ | नारायणपुर प्रहरी कार्यालय उत्तर तर्फ पतेनी हुँदै विजौरी जाने सडक | २१९ | २६५ | ० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |

| | | | | | |
|---|---|---|---|---|---|
| २६ | प्रा वि वसेरी विद्यालयको कक्षा कोठा भित्ता भुक्तानी वाकी | ६ | ५३ | ० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| २७ | घोराही खानेपानी डिप वोरिङको (भुक्तानी वाँकी) | १४५३ | ० | १४५३ | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| २८ | शुभलक्ष्मी टोलमा गत वर्षको पिच (भुक्तानी बाँकी) | ४११६ | ० | १८९० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| २९ | नेपाल आर्मी व्यारेक देखि गुलरिया पार्क फुटपाथ सहित सडक पिच (क्रमागत) | १०३०० | ० | ७५० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| ३० | तल्लो दामोदर सडक (लख्वार, राजपुर, घुस्रा) कर्मटिया सडक निर्माण (क्रमागत) | ४७०० | ० | ३१०० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| ३१ | वायोग्यास प्लान्ट बाहिरी वाल पर्खाल निर्माण (क्रमागत) | ४५०० | ० | १२०० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| ३२ | साइ मन्दिर भरतपुर बाटो (क्रमागत) | १४०० | ० | ४०० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| ३३ | कपासी गोरक्ष डेरीबाट सपना टोल हुँदै दामोदर सडक स्तरोन्नति (क्रमागत) | १०५० | ० | १०५० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| ३४ | वि.पी. मार्ग रामपुर देखि साइपुर कालोपत्रे (भुक्तानी बाँकी) | २००० | ० | २५७ | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| ३५ | शुभकामना टोल विकास समिति सडक कालोपत्रे (भुक्तानी बाँकी) | ७९० | ० | २९५ | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| ३६ | खरको छाना विस्थापन कार्यक्रम वडा नं. १,४,७,१२,१३,१७ र १९ | ० | १०४७० | ० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| ३७ | विद्युत तार र पोल खरिद | ० | १५६६ | ० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| ३८ | गुप्ता निर्माण सेवा/ गुप्ता राशन सप्लायर्स वडा कार्यालय भवन निरन्तरता तथा मर्मत | ० | २६४५ | ० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |
| ३९ | वडा नं. ६ को वडा स्तरीय कार्यक्रम अनुसार विद्धुत पोल खरिद शिर्षकमा सुर्योदय कंक्रिटलाई भुक्तानी | ० | २९९ | ० | आन्तरिक स्रोत-आन्तरिक स्रोत-नगद |

९.२_प्रदेश सरकारको सशर्त अनुदान तर्फ दाङ बहुउदेश्यीय सभा गृहमा डिप बोरिङ निर्माणका लागि गत आ.व. ०७६/०७७ मा विनियोजन भएको बजेटबाट निर्माण कार्य सम्पन्न भई कार्य सम्पन्न प्रतिवेदन अनुसार रु.९५५००० ( नौ लाख पचपन्न हजार मात्र) चेक काटिएको तर सम्वन्धित संस्थाले समयमै भुक्तानी नलिएको कारणबाट भुक्तानी लिने म्याद समाप्त भएकोले पुनः भुक्तानीका लागि चेक सहित पेश भएको हुँदा तत्कालिन अवस्थामा पेश भएको कार्य सम्पन्न प्रतिवेदन अनुसार भुक्तानी दिने तथा घोराही उपमहानगरपालिका वडा नं. १४ को वार्षिक वडा स्तरीय कार्यक्रम स्मारिका प्रकाशन अन्तर्गत कार्यसम्पन्न प्रतिवेदन अनुसार रु. ९८,८७५|- (अन्ठानब्बे हजार आठ सय पचहत्तर ) चेक काटिएको र सम्वन्धित संस्थाले समयमै भुक्तानी नलिएको कारण पुनः भुक्तानीका लागि चेक सहित उपस्थित भएको हुँदा तत्कालीन अवस्थामा पेश भएको कार्य सम्पन्न अनुसार भुक्तानी दिने ।

**निर्णय नं.१०:**

घोराही उपमहानगरपालिकामा २०५४ साल देखि अविच्छिन्न रुपमा सहायक चौथो तहमा कार्यरत बामदेब रानाको मिति २०७७/०५/१३ गते असामयिक निधनले उपमहानगरपालिका परिवार मर्माहत भएको छ। यस दुःखत घडीमा मृत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछौ। साथै स्व. रानाको परिवारको आर्थिक रुपमा निकै कमजोर भएका कारण शुद्धशान्ती खर्च गर्न समेत अप्ठ्यारो भएको हुँदा काज किरिया खर्च रु.५००००(पचास हजार) विविध शिर्षकबाट सहयोग उपलब्ध गराउने ।